जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति २०७७ जेठ १३ गते

**चौरजहारी घटनाको तथ्य संकलन गर्न अधिकारकर्मीको टोली घटनास्थलतर्फ**

रुकुम पश्चिम चौरजहारी नपा-८ सोतीगाउँमा २०७७ जेठ १० गते भएको घटनामा जाजरकोट जिल्ला भेरी नपा-४ का २१ वर्षीय नवराज विश्वकर्मा, सोही ठाउँका १७ वर्षीय गणेश विएम र रुकुम जिल्ला चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम विश्वकर्माको शव फेला परेको र अरु तीन जना व्यक्ति सम्पर्कमा नआएको भनिएको घटनाको सत्य तथ्य संकलन गर्न इन्सेक रुकुम (पश्चिम) का जिल्ला प्रतिनिधि मनिषा केसीको नेतृत्वमा मानव अधिकार संस्थाका प्रतिनिधि सम्मिलित एक टोली जेठ १३ गते बिहान घटनास्थल प्रस्थान गरेको छ ।

टोलीमा बार एशोसियशनका रुकुमपश्चिम अध्यक्ष एक्क पाण्डे, गैसस महासंघका जिल्ला अध्यक्ष नारायणकुमार शाह, रुकुमेली समाज विकास केन्द्रका अध्यक्ष नरबहादुर नेपाली र हरप्लेसका अध्यक्ष सुनीता बीएम रहनु भएको छ । टोलीले संकलन गरेको सत्यतथ्य विवरणका आधारमा तयार पारिने प्रतिवेदन केही दिनभित्र सार्वजनिक गरिनेछ ।



**नारायण सुवेदी**
संयोजक
इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालय
वीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत
फोन: ०८३-५२१४८९,
Email: surkhet@insec.org.np  Web-site: www.insec.org.np, www.inseconline.org